बागमती प्रदेश सरकार

उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

निजि सचिवालय

मा. राजेन्द्र प्रजापती
मन्त्री

मितिः २०८३।०७।२७

शोक वक्तव्य

मिति २०८३/०७/२६ गते मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका-६ को चिसापानीगढीमा काठमाडौँबाट सर्लाहीतर्फ आउँदै गरेको मधेश प्रदेश ०३- ००१ज -०८८० नम्बरको यात्रुवाहक माइक्रोबस सडकबाट करीब ७०० मिटर तल खसी दुर्घटना हुँदा चालकसहित १४ जना सवार यात्रुहरूको दुःखद निधन भएको र ६ जना यात्रु घाइते भएको खबरले निकै स्तब्ध र मर्माहत बनाएको छ। उक्त दुर्घटनाका घाइते यात्रुहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै निधन हुने सम्पूर्ण यात्रुहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु साथै शोकाकुल परिवारजनमा पुगेको अपुरणीय क्षति प्रति गहिरो समवेदना प्रकट गर्दछु ।

हाम्रो सडकको क्षमता, व्यवसायी तथा चालकको लापरवाही, प्राविधिक गडवडी लगायतका कारण यस्ता दुर्घटना हुने गरेका छन। यस्ता खालका साँघुरा सडकहरुको सुधारको आवश्यकता रहेको छ र सम्वन्धित पक्षसंग समन्वय र सहकार्यमा सडक सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। सम्पूर्ण यातायात व्यावसायीहरू, सवारी चालक तथा यातायातकर्मीहरूलाई सार्वजनिक सवारी सञ्चालनमा अपनाउनु पर्ने सामान्य मापदण्ड, सवारी साधनको अवस्थामा ध्यान दिनुहुन एवम् आचारसंहिताको पालना गर्नु हुन विशेष आग्रह गर्दछु। सवारी सञ्चालन गर्दा हुने लापरवाहीका कारण दिन प्रतिदिन दुखद घटना व्यहोर्न हामी विवश भईरहेका छौं। यस बारेमा सरकार एवम् सम्बन्धित सबै सरोकारवालाले गम्भीर आत्मबोध गर्दै आगामी दिनमा यस्ता दुर्घटना हुन नदिन थप जिम्मेवारीपूर्वक आफ्नो भूमिका निर्वाह गर्नु पर्ने आवश्यकता बोध भएको छ। आगामी दिनमा सार्वजनिक यातायातको सुरक्षित सञ्चालन तथा व्यवस्थापनका लागि पर्याप्त नीतिगत एवं कार्यगत सुधार गर्ने सम्बन्धमा यस मन्त्रालय प्रतिबद्ध रहेको व्यहोरा अवगत गराउँछु।

अन्त्यमा, यस सम्वन्धमा अध्ययन तथा छानविन गरी सिफारिस गर्न समिति गठन भई सकेकाले उक्त समितिले घटनाको सत्य तथ्य कारण पत्ता लगाई आगामी दिनमा यस्ता घटना दोहोरिन नदिने गरी उचित सुझाव पेश गर्ने विश्वास व्यक्त गर्दै प्राप्त प्रतिवेदनको कार्यान्वयनमा यस मन्त्रालयले खेल्नु पर्ने भूमिकामा म पूर्ण प्रतिबद्ध रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

ईति सम्वत २०८३ साल कार्तिक महिना २७ गते
नेपाल सम्वत ११४७ कछलाथ्व चतुर्थी शुक्रवार
13th November 2026

मा. राजेन्द्र प्रजापती
मन्त्री